# केदारस्यूँ गाउँपालिका

# लैंगिक हिंसा निवारण कोष (सञ्चालन) कार्यविधि,२०७८

कार्यपालिकाको बाटपारित मिति:२०७८।०३।०८

केदारस्यूँ गाँउपालिका

केदारस्यूँगाउँपालिका

बझाङ्ग

# लैंगिक हिंसा निवारण कोष (सञ्चालन) कार्यविधि,२०७८

नेपालको संविधान,लैंगिक हिंसा निवारण कोष सञ्चालननियमावलि २०६७ तथा संयुक्त राष्ट्र संघले पारित गरी नेपाल सरकारले हस्ताक्षर समेत गरिसकेको महिलाविरुद्धहुने सबै प्रकारका भेदभावतथा(UN Committee on the Eliminaionof Discrimination Against Women)CEDAWको उद्देश्य, मर्म र भावनाबमोजिमपीडितलाई तत्कालउद्धार राहततथा पुर्नस्थापना गर्ने कार्यको लागि लैंगिक हिंसा निवारण कोष सञ्चालनकार्यविधि बनाउन बाञ्छनिय भएकोले,प्रशासकीयकार्यविधि (नियमित गर्ने) ऐन २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी केदारस्यूँगाउँपालिकाले देहायको कार्यविधि जारी गरेको छ ।

**परिच्छेद १**

**प्रारम्भिक**

**१.संक्षिप्तनाम र प्रारम्भः**

(१)यस कार्यविधिको नाम“लैंगिक हिंसा निवारण कोष (सञ्चालन)कार्यविधि,२०७८”रहेको छ ।

(२) यो कार्यविधिगाउँसभाले पारित गरे पछिप्रारम्भ हुनेछ ।

**२.परिभाषा:**विषयवा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

(क)“नियमावली”भन्नाले लैंगिक हिंसा निवारण कोष(सञ्चालनदोस्रो संशोधन)नियमावली २०७८सम्झनु पर्दछ ।

(ख)“गाउँपालिका”भन्नाले केदारस्यूँगाउँपालिकासम्झनु पर्दछ ।

(ग)“वडाकार्यालय”भन्नाले स्थानीयतहको वडाकार्यालय सम्झनु पर्दछ ।

(घ)“लैंगिकहिंसा”भन्नाले महिलावापुरुषवा तेस्रो लिंगीभएकै कारणले पेशा,अध्ययन,सामाजिककुरीतिजन्यव्यवहार,कार्यस्थल,परिवार तथा समाजमावाकुनै पनिठाउँमा घृणा गर्न,कुटपिट गर्नु,यौनजन्य दुराचार, डरत्रास,धम्कीदिनु,पारिश्रमिकनदिनु वाकमदिनु अश्लिलशब्दबोल्नु,अश्लिलफोटो देखाउनु आदि सम्झनु पर्दछ ।

(ङ)“तत्काल राहततथापुर्नस्थापना समिति”भन्नाले दफा ५ कोउपदफा २ बमोजिमगठित समितिसम्झनु पर्दछ ।

(च)“कार्यविधि”भन्नाले लैंगिक हिंसा निवारण कोष (सञ्चालन)कार्यविधि २०७८ सम्झनु पर्दछ ।

**३.कोषको स्थापना :**

(१)लैंगिक हिंसा निवारणकालागि एक कोष स्थापना गरिएको छ ।

(२) कोषमा देहाएबमोजिमका रकमहरु रहनेछन् ।

क.स्थानीयतहबाटविनियोजन भएको रकम

ख.संघीयतथाप्रदेश सरकारबाटप्राप्त रकम

ग.विदेशी सरकार अन्तराष्ट्रिय संघ संस्थाहरुबाटप्राप्त रकम

केदारस्यूँ गाउँपालिका

घ.स्वदेशी संघ संस्थाहरुबाटप्राप्त रकम
ङ.अन्यविविध स्रोतबाटप्राप्तहुनआएको रकम

**४.कोषको उपयोग :**

(१)कोषको रकम देहायको कामको लागिपीडितलाई उपलब्ध गराउनउपयोग गरिनेछ ।

क.पीडितलाई तत्कालउद्धार तथापुर्नस्थापना गर्न ।
ख.पीडितलाई स्वास्थ्यउपचार र औषधीगर्न ।
ग.कानुनी सहायता गर्न ।
घ. मनोबैज्ञानिकउपचार तथामनोविमर्श प्रदान गर्न ।
ङ. जिल्लाभित्रतथाजिल्लाबाहिर थप सेवा, उपचार लिनजाँदाबाटो खर्च र यातायातखर्च प्रदानगर्न ।
च.राहतप्रदानगर्न,आर्थिक सहयोग तथा सीपमुलकतालिमप्राप्तपीडितलाई स्वारोजगारका लागिव्यवसाय स्थापनाखर्च रकमअनुदानउपलब्ध गर्न।
छ.पीडितको लागि सञ्चालक समितिले तोके बमोजिमको अन्यकाम गर्न ।

(२) कोषको रकमउपदफा (१) मा लेखिएबाहेकको अन्यकार्यमा उपयोग गर्न सकिने छैन ।

(३) उपदफा(२)मा जुनसुकै कुरा लेखिएको भएतापनि कोषको कुलखर्च रकमको १० प्रतिशत सम्मको रकमतत्कालराहततथापुर्नस्थापना समितिको बैठक सञ्चालनमालाग्ने खर्चका लागिउपयोग गर्न सकिने छ ।

५.तत्काल राहततथापुर्नस्थापना समितिको गठन :

(१)कोषको सञ्चालनतथाव्यवस्थापन गर्ने काम समेतको लागि एक समिति रहनेछ।

(२)समितिको गठनः

(क)गाउँपालिकाउपाध्यक्षअध्यक्ष
(ख)पिडितसँग सम्बन्धितवडाकावडाअध्यक्ष १ जनासदस्य
(ग)प्रमुखप्रशासकियअधिकृत सदस्य
(घ) लेखाशाखाप्रमुखसदस्य
(ङ)स्वास्थ्यशाखाप्रमुखसदस्य
(च)ईलाकाप्रहरी प्रमुखसदस्य
(छ)लैंगिक हिंसा निवारणको क्षेत्रमाकार्यरत गै.स.स.मध्येबाट सञ्चालक समितिले तोकेको संस्थाको प्रतिनिधि १ जनासदस्य
(ज)सामाजिकविकास शाखाप्रमुखसदस्य
(झ)महिलातथाबालबालिकाशाखाप्रमुखसदस्य सचिब

(३) उपदफा(२) को छ बमोजिम सदस्यको पदावधी३ वर्षको हुनेछ ।

(४) संचालक समितिको सचिवालयकेदारस्यूँगाउँपालिकामा रहनेछ ।

६.तत्काल राहततथापुर्नस्थापना समितिको कामकर्तव्य र अधिकारः

(१)सञ्चालक समितिको कामकर्तव्य र अधिकार देहायबमोजिमहुनेछ ।
क.विभिन्नकिसिमको हिंसा पीडिततथाप्रभावितको तत्कालउद्धार गर्ने र स्वास्थ्योपचार गर्ने ।
ख.राहत समितिको काम कारबाहीलाई प्रभावकारी बनाउन समन्वयगर्ने ।
ग.पालिकाभित्रघटेका लैंगिक हिंसा सम्बन्धीघटनाको अध्यावधिक गर्ने ।
घ.पिडितलाई पुर्नस्थापना गराउने ।
ङ.लैंगिक हिंसा निवारणको क्षेत्रमाकाम गर्ने निकायतथा संस्थासँग समन्वय गर्ने ।
च.कोष वृद्धिको लागि स्रोत खोजी गर्ने ।
छ.पीडितलाई राहत,आर्थिक सहयोगतथा सीपमुलकतालिमप्राप्तपीडितलाई स्वारोजगारका लागिव्यवसाय स्थापनाखर्च रकमअनुदानउपलब्ध गराउनसिफारिस गर्ने ।
ज.लैंगिक हिंसा निवारण सम्बन्धीअन्यकाम गर्ने गराउने ।
(२)आवश्यकताकाआधारमा एक जनापीडितलाई एकपटकमारु. पन्ध्रहजार सम्म समितिको सिफारीसमा रकमउपलब्ध गराउन सकिनेछ ।

७.तत्काल राहततथापुर्नस्थापना समितिको बैठक तथानिर्णयः
(१)तत्काल राहततथापुर्नस्थापना समितिको बैठक आवश्यकताअनुसार बस्नेछ ।
(२)समितिको बैठक अध्यक्षले तोकेको मिति समय र स्थानमाबस्नेछ ।
(३)तत्काल राहततथापुर्नस्थापना समितिको बैठक बस्नुभन्दाकम्तिमा २४घण्टाअगावै समितिको सदस्यसचिवले बैठकमाछलफलहुने विषय सहितको सुचना सवै सदस्यहरुलाई दिनु पर्नेछ ।
(४)समितिको कुल सदस्य संख्याको पचाँस प्रतिशतभन्दाबढी सदस्यहरु उपस्थितभएमा सो समितिको गणपुरक संख्यापुगेको मानिने छ।
(५)तत्काल राहततथापुर्नस्थापना समितिको बैठकको अध्यक्षता सो समितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा समितिकाउपस्थित सदस्यहरुले आफुमध्येबाटछानेको सदस्यले गर्नेछ ।
(६)तत्काल राहततथापुर्नस्थापना समितिको बैठकमाबहुमतको रायमान्यहुनेछ र मत बराबर भएमा बैठककोअध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।
(७)तत्काल राहततथापुर्नस्थापना समितिको निर्णय सदस्य सचिवले प्रमाणित गरी राख्नेछ ।
(८)तत्काल राहततथापुर्नस्थापना समितिको बैठकमाआवश्यकतानुसार कुनै विशिष्ठव्यक्तिलाई बैठकमाआमन्त्रित सदस्यका रुपमाआमन्त्रण गर्न सक्नेछ ।
(९)तत्काल राहततथापुर्नस्थापना समितिको बैठक सम्बन्धीकार्यविधि सो समितिआफैले निर्धारण गरे बमोजिमहुनेछ ।

८.निवेदनदिनु पर्नेः
(१)यस कार्यविधिबमोजिम राहततथाआर्थिक सहयोग प्राप्त गर्न चाहने पीडितवा सरोकारवालाव्यक्तिले राहततथाआर्थिक सहयोग पाउनु पर्ने मनासिव कारणखुलाई स्थानीयतहमानिवेदनदिनुपर्नेछ ।
(२) उपदफा(१)बमोजिमप्राप्तनिवेदन उपर जाँचबुझगर्दा पीडितलाई राहततथाआर्थिक सहयोग गर्नुपर्ने मनाविस आधार देखिएमागाउँपालिकाले दफा ६को उपदफा(२)को अधिनमा रहीपीडितलाई रकमउपलब्ध गराउनेछ ।

(३)उपदफा(२)मा जुनसुकै कुरा लेखिएको भएतापनिपीडितलाई तत्कालउद्धार,औषधीउपचार,पुर्नस्थापनावा राहततथाआर्थिक सहयोग प्रदाननगर्दा गम्भीरतथामानवीयक्षतिहुने देखिएमातत्काल राहततथापुर्नस्थापना समितिको अध्यक्षले सो प्रयोजनकालागि कोषबाटमनासिव रकम सम्बन्धितपीडितलाई उपलब्ध गराउन सक्ने छ।

(४)उपदफा(३)बमोजिमको अवस्था परी समितिको अध्यक्षबाटपीडितलाई रकमउपलब्ध गराईएकोमा त्यसरी रकमउपलब्ध गराई सके पछिबस्ने समितिको बैठकबाट सो विषयको अनुमोदन गराउनु पर्नेछ।

९.कोषको खाता सञ्चालनः

(१)उक्त रकमकेदारस्यूँगाउँपालिकाको नाममा नेपाल राष्ट्र बैंकबाटइजाजतप्राप्त बैंकमा छुट्टै खाताखोलि कोषको खाता सञ्चालन गर्नुपर्नेछ ।

(२)उपदफा(१)बमोजिमको खाताको सञ्चालन प्रमुख प्रशासकिय अधिकृत र लेखाप्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

१०.रकमफ्रिजनहुनेःप्रचलितकानुनमाजुनसुकै कुरा लेखिएको भएतापनि कोषको रकमखर्च नभई आर्थिक वर्षको अन्त्यमाबाँकी रहेमा त्यस्तो रकमफ्रिजहुने छैन।

११.कोषको लेखा र लेखापरीक्षणः

(१)कोषको आयव्ययको लेखा स्थानीय सरकारले अपनाएको लेखाप्रणालीबमोजिम राखिने छ।

(२)कोषको लेखापरीक्षणमहालेखा परीक्षकबाटहुनेछ ।

१२.प्रतिबेदन पेश गर्नेःसमितिले आफुले गरेका कार्यको बार्षिक प्रतिवेदनआर्थिक वर्ष समाप्तभएको मितिले तीनमहिनाभित्रकेदारस्यूँगाउँपालिकागाउँकार्यपालिका समक्ष पेश गर्नु पर्नेछ ।

१३.कार्यविधिको व्याख्यागर्ने वावाधाअड्काउफुकाउने अधिकारःकार्यविधिको कार्यन्वयन को शिलसिलामाकुनै दुविधाहुनगएमा सोको व्याख्यावाबाधाअड्काउफुकाउने अधिकार केदारस्यूँगाउँपालिकागाउँकार्यपालिकालाई हुनेछ ।

१४.खारेजी र बचाउःयो कार्यविधि लैंगिक हिंसा सम्बन्धीप्रचलित नेपाल सरकारको कानुनसंग बाँझीएमाबाँझिएको हद सम्म यो कार्यविधिमा लेखिएको कुराहरु अमान्यहुनेछन् र नेपाल सरकारको कानुनमा लेखिएका कुराहरु मान्यहुनेछन् ।

अनुसुचि

दफा७ संग सम्बन्धित

विषयः सहयोगउपलब्ध गराई पाउँ

श्री अध्यक्ष ज्यु

तत्काल राहततथा पुर्नस्थापना समिति

केदारस्यूँ गाउँपालिकाको कार्यालय

बझाङ्ग ।

म.........................मा बस्ने वर्ष.......को..............................मिति.....................मा लैंगिक हिंसाबाट पिडितभएको छुमेरो आर्थिक स्तर ज्यादै कमजोर भई अशक्तअवस्थामा रहेको हुनाले मलाई औषधिउपचार/कानुनी सहायताएवं परापर्श/उद्धार/मनोविमर्श/स्वरोजगार/पुर्नस्थापना/अन्य..........................कामको लागि सहयोगको आवश्यकता परेको हुँदा स्थनिय लैंगिक हिंसा निवारणनियमानुसार सहयोग रकमउपलब्ध गराई दिनु हुन यो निवेदन पेश गरेको छु।

निवेदकको:

नाम, थर.................

ठेगाना ...................

दस्तखत..................

मिति.................

केदारस्यूँ गाउँपालिका